**बगनासकाली गाउँपालिकाको चौथो गाउँसभाको निर्णयहरू :**

निर्णय नं.-१

बगनासकाली गाउँपालिकाको चौथो गाउँसभामा प्रस्तुत आ.व. ०७५/०७६ को प्रगति प्रतिवेदन माथि ब्यापक छलफल गरी सर्बसम्मतले पास गर्ने निर्णय गरियो।

निर्णय नं.-२

बगनासकाली गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन गर्न बनेको विधेयक, २०७५ मा दफावार छलफल गरी सर्वसम्मतिले पास गर्ने निर्णय गरियो।

निर्णय नं.-३

मिति २०७५।५।७ गतेको कार्यपालिका बैठकको निर्णय नं. ४ बमोजिम थप भएका सेवा शूल्कको दर र घटाइएका सेवा शूल्कका दरलाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.-४

तेश्रो गाउँसभा पश्चात गाउँ कार्यपालिकाको १० वटा बैठकले पारित गरेका सम्पूर्ण निर्णयहरू अनुमोदन गरियो।

निर्णय नं.-५

चालु आ.व. २०७५/०७६ को हालसम्मको चालु र पूँजीगत गरी खर्च भएको जम्मा रकम रू. ११,६६,७२,२४१।३० अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.-६

बगनासकाली गाउँपालिका क्षेत्रभित्र निर्माण भैसकेका पुराना घर/संरचनाको नक्शा पास गराउने प्रयोजनार्थ मिति २०७५ पौष मसान्तभित्र नक्शा पास गराउनेलाई ५०% (प्रतिशत) राजश्व छुट दिने भनि सार्वजनिक सूचना जारी गरिएकोमा मिति २०७५ चैत्र समान्तसम्मको लागि समयावधि थप गर्ने निर्णय गरियो।

निर्णय नं.- ७

आ.व. ०७४/०७५ को म.ले.प. प्रतिवेदन गाउँ सभामा पेश भै ब्यापक छलफल भयो। साथै उक्त प्रतिवेदनको दफा नं. ३८ र ३९ मा उल्लेखित पदाधिकारीलाई उपलव्ध गराइएको इन्धन र सञ्चार खर्च रकम असुल उपर गर्नु पर्ने भनि म.ले.प. प्रतिवेदनमा औल्याइएको सम्वन्धमा पदाधिकारीहरूलाई वितरित सुविधा रकम प्रदेश कानून बनि नसकेको अवस्थामा कार्यपालिकाबाट निर्णय गरी जनताको सेवाका लागि अहोरात्र खटिदाको अवस्थामा उपलव्ध गराइएको हुनाले सो बेरूजु रकम सम्परीक्षण गरि लगत कट्टा गरिदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं.-८

राष्ट्रिय पुन:निर्माण प्राधिकरणबाट प्राविधिक खटिई आउनु अगावै २०७२ बैशाख १२ को भूकम्पबाट भत्केका घरहरू भुकम्प पिडितले विपद्को बेला स्वत: स्फुर्त रूपमा निर्माण गरी बासको व्यवस्थापन गरेकोले हुनाले उक्त निर्माण भएका घरहरूको सम्वन्धमा व्यवहारिक पक्षलाई समेत मध्यनजर राखी मापदण्ड निकट रहेका, थोरै कमी कमजोरी भएपनि विपद्को बेला सरकारबाट शिघ्र राहत पुऱ्याउन नसकेको अवस्थामा स्थानीय जनप्रतिनिधिको रोहवरमा बनाइएको हुँदा उल्लेखित भुकम्पबाट पिडित लाभग्राहीलाई पुन:निर्माण अनुदान रकम उपलव्ध गराउन राष्ट्रिय पुन:निर्माण प्राधिकरण जिल्लास्थित कार्यालयमा सिफारिश गरि पठाउने निर्णय गरियो ।

निर्णय नं.-९

गाउँपालिका स्तरका सबै योजनाहरू र वडास्तरका रू. ३ लाख भन्दा वढी रकमका योजनाहरूको गाउंपालिकास्तरीय अनुगमन समितिले अनुगमन गरि प्रतिवेदन पेश भएपछि मात्र अन्तिम भुक्तानी गर्ने निर्णय गरियो । वडास्तरीय रू. ३ लाख भन्दा वढी रकमका योजनाहरूको अनुगमनका सम्वन्धमा गाउँपालिका स्तरीय अनुगमन समितिले सम्वन्धित वडास्तरीय अनुगमन समितिलाई अनुगमन गर्न जिम्मेवारी तोकेमा सम्वन्धित वडास्तरीय अनुगमन समितिले अनुगमन प्रतिवेदन पेश गरेको आधारमा अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.-१०

गाउँपालिकाका सबै जनप्रतिनिधिहरूलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालनका लागि अल्या. शिर्षकबाट रू. ३,००,०००।- (तीन लाख) बजेट विनियोजन गरी २०७५ चैत्र मसान्त भित्र अभिमुखीकरण तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.-११

आ.व. ०७५/०७६ को चालु र पूँजीगत शिर्षकमा विनियोजित बजेट थप घट गर्नु पर्ने अवस्थामा बजेट रकमान्तर गर्ने अधिकार गाउँ कार्यपालिका वोर्ड बैठकलाई दिने निर्णय गरियो ।

निर्णय नं.-१२

गाउँपालिकाका सबै जनप्रतिनिधिहरूलाई कानूनी किताव व्यवस्था समितिबाट प्रकाशित स्थानीय सरकार सञ्चालन ऐन, २०७४ खरिद गरी एक/एक प्रति उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-१३

दैवी प्रकोपमा परेका पिडितहरूलाई गाउँपालिकाबाट उपलब्ध गराउने राहत रकम सम्वन्धमा गाउँकार्यपालिकाबाट कार्यविधि/मापदण्ड बनाई यथाशिघ्र उपलव्ध गराउने निर्णय गरियो